आज मिति २०७५ साल माघ १७ गते यस मकवानपुरगढी गाउँपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री बिदुर हुमागाई ज्यूको अध्यक्षतामा बसेको देहायको उपस्थितीमा देहाय बमोजिमका निर्णयहरु गरियो।

<u>उपस्थिती</u>

१. अध्यक्ष श्री बिदुर हुमागाई

२. उपाध्यक्ष श्री हर्कमायाँ रुम्बा

३. वडाध्यक्ष एवं का.पा. सदस्य श्री आइत सिं ~~थिङ~~लो

४. " " " " श्री बखान सिंह पाख्रिन

५. " " " श्री भागवत घिमिरे

६. " " " श्री राम प्रसाद तिमल्सिना

७. " " " श्री जीत बहादुर घिमिरे

८. " " " श्री टीका प्रसाद दाहाल

९. " " " श्री सूर्य बहादुर रुम्बा

१०. " " " श्री कुमार सिं घिसिङ

११. का.पा. सदस्य श्री सुरेन्द्र सुनार

१२. " " " श्री चिनीमायाँ लुङ्वा

१३. " " " श्री निर्मला विश्वकर्मा

१४. " " " श्री मञ्जु योञ्जन

१५. " " " श्री बुद्धिमायाँ योञ्जन

१६ का.पा. सदस्य श्री पार्वतीमाया गौतम

१७ प्रमुख प्रशासकीय अधिकृत श्री भीम बहादुर परियार

१८ माइन्युट व्यवस्थापन नोटे श्री युवराज पौडेल

मकवानपुरगढी गाउँपालिका

गाउँकार्यपालिका वैठक

मिति २०७४।१०।१७ गते

**गाउँपालिका अध्यक्ष श्री विदुर हुमागाई द्धारा वैठकमा पेश भएका प्रस्तावहरु**

१. योजना तथा आयोजनाहरुको कार्यान्वयन समिक्षा सम्वन्धम ।
२. लघुउद्यम कार्यक्रम क्षेत्र छनौट तथा गाउँ लघुउद्यम विकास समिति गठन सम्वन्धमा ।
३. प्राविधिक जनशक्ति थप सम्वन्धम ।
४. पर्यटकिय क्षेत्रहरुको पहिचान,गाउँ वस्तुगत विवरण, राजस्व सम्भाव्यता अध्ययन को लागि क्षेत्र पहिचान तथा सिफारिस समिति गठन सम्वन्धमा ।
५. EIA तथा IEE अध्ययन सम्वन्धमा ।
६. वृहत गढी खानेपानी समितिमा सदस्य सिफरिस सम्वन्धमा ।
७. जनशक्ति पदुर्तिको स्वीकृति सम्वन्धमा ।
८. सामाजिक परिचालन कार्यक्रमको निरन्तरता तथा सामाजिक परिचालकको करार नियुमित्त तथा म्याद थप सम्वन्धमा ।
९. टोल विकास समिति गठन तथा परिचालन सम्वन्धमा ।
१०. वडा नं ५ र ८ मा निर्माणधिन वडा कार्यालय भवनको निर्माण कार्य सम्पन्न गराउने सम्वन्धमा ।
११. सविक गाविसहरुको सम्पत्ति,दायित्व तथा जिन्सी सामनहरुको लगत तयार,आलेप तथा मेलप र वेरुजु असुल उपर सम्वन्धमा ।
१२. सिवम सिमेन्ट उद्योग संग आधिकारि तथा प्रमणित कागजात, योजना तथा कार्यक्रमहरुको माग गर्ने सम्वन्धमा ।
१३. शिवम सिमेन्ट उद्योग संग पेश भएको १३ बुँदे मागपत्र तथा योजनाहरु कायान्वयन सम्वन्धमा ।

प्रमाणित

प्रमुख प्रशासकीय अधिकृत

मकवानपुरगढी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, मकवानपुर, ३नं. प्रदेश, नेपाल

Scanned with CamScanner

प्रमुख प्र. अधिकृत

**निर्णयहरु**

**निर्णय नं १**

प्रस्ताव नं १ माथि छलफल गर्दा चालु आर्थिक वर्षमा वडागत रुपमा विनियोजन भएको बजेट कार्यान्वयन,समस्या र उपलब्धीको विषयमा वडागत रुपमा समिक्षा गरियो । वडागत रुपमा विनियोजन भएको बजेट कार्यान्वयनको सन्दर्भमा प्राविधिक जनशक्ति कम भएको कारणले समयमै प्राविधिक लागत अनुमान तथा सम्पन्न योजनाहरुको मूल्यांकन गर्ने कार्यमा समस्या भएको, साथै लागत सहभागीतामा आधारित योजना कार्यान्वयनमा जनताको नगद सहभागीता जुटाउन समस्या देखिएको र सो योजना कार्यान्वयनको लागि वडाले सक्रिय भुमिका खेल्नु पर्ने विषयमा समेत समिक्षा भयो साथै उक्त ७०/३० को योजनाहरु कार्यान्वयनका लागि सवै वडाहरुले २०७४।११।१० गते भित्र अनिवार्य रुपमा सम्झौता एवं कायान्वयन गर्ने । साथै P3 का योजनाहरु कायान्वयनका लागि उच्च प्राथमिकता दिने निर्णय गरियो ।

**निर्णय नं २**

नेपाल सरकार द्वारा संचालन लघुउद्यम विकास कार्यक्रम (मेडेप) कार्यक्रम संचालनको लागि यस गाउँपालिकाको वडा नं २ र ६ छनौट गर्ने निर्णय गरियो साथै निम्न अनुसार गाउँ लघुउद्यम विकास समिति गठन गर्ने निर्णय गरियो ।

संयोजक : श्री विदुर हुमागाई, अध्यक्ष

सदस्य : श्री भिम वहादुर परियार ,प्रमुख प्रशासकीय अधिकृत

सदस्य : श्री टिका प्रसाद दाहाल,वडा अध्यक्ष वडा नं ६

सदस्य : श्री पातली माया रुम्बा,वडा नं २ महिला सदस्य

सदस्य : श्री रणकुमारी परियार,वडा नं ६ दलित महिला सदस्य

सदस्य सचिव : श्री यूवराज पौड्याल,ना.सु.

**निर्णय नं ३**

प्रस्ताव नं ३ माथि छलफल गर्दा यस गाउँपालिकाका करिव ५ सय वटा योजना कार्यन्वयन गर्नु पर्ने र सो योजना कार्यान्वयनको लागी स्वीकृत दरवन्दि अनुसार प्राविधिक जनशक्ति समेत कम भएको र चालु आर्थिक वर्षमा कार्यान्वियन गर्नुपर्ने योजनाहरु समयमै सम्पन्न हुन समस्या देखिएको हुँदा, कन्टेन्जेन्सी रकमबाट तलब भक्ता भुक्तानी गर्ने गरि हाल लाई २०७५ असार मसान्त सम्मको लागि सेवा करारमा लिने गरि यस अघि गाउँपालिकाको पदपुर्ति तथा छनौट समतिले अन्तरवार्ता लिइ छनौट गरेको र वैकल्पिक सुचिमा पर्न सफल मकवानपुरगढी गाउँपालिका वडा नं ३ निवासी श्री समिर दाहाल लाई सव ईन्जिनियर पदमा करार नियुक्ति दिई काममा लागाउने निर्णय गरियो ।

**निर्णय नं ४**

प्रस्ताव नं ४ माथि छलफल गर्दा मकवानपुरगढी गाउँपालिका क्षेत्र भित्र रहेका पर्यटकीय क्षेत्रहरुको डिपिआर तयार गरि दिगो पर्यटकीय संरचनाहरुको निर्माणको लागि यस गाउँपालिकाले चालु आर्थिक वर्षमा समेत बजेट विनियोजन गरिएको। त्यस्तै राजस्व सम्भाव्यता अध्ययन, गाउँपालिकको वस्तुगत

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत

विवरण तयारी र गाउँ यातायात गूरुयोजना तयारीको लागि समेत बजेटको विनियोजन गरेको सन्दर्भमा सो बजेटको कार्यान्वयनमा सहजीकरण तथा क्षेत्र पहिचान तथा सम्भाव्यता अध्ययन समेत गरि पर्यटकीय क्षेत्रहरुको पचिान र सम्भाव्यता अध्ययन गरि प्रतिवेदन समेत पेश गर्नका लागि देहायको सम्भाव्यता अध्ययन समिति गठन गर्ने निर्णय गरियो ।

**समिति**

- संयोजक : हर्कमाया रुम्बा
- सदस्य : टिका प्रसाद दाहाल
- सदस्य : भागवत घिमिरे
- सदस्य : बखान सिं पाखिन
- सदस्य : मंजु योन्जन
- सदस्य सचिव : भिम वहादुर परियार

**निर्णय नं ५**

प्रस्ताव नं ५ माथि छलफल गर्दा आगामी आर्थिक वर्ष देखि ढुंगागिटि वलुवा तथा खनिज पदार्थहरुको आन्तरिक आय संकलन गर्न कानुनत : स्थानीय सरकार संचालन ऐन, २०७४ मा भएको प्रावधान अनुसार आगामी आर्थिक वर्ष देखि सम्वन्धित गाउँपालिका क्षेत्र भित्रको आन्तरिक आय संकलनको कार्य सम्वन्धित गाउँपालिकाले गर्न पाउने कानुनी व्यवस्था अनुसार आगामी आर्थिक वर्षको लागि ढुंगा गिटि,खानी तथा अन्य विविधि कर संकलनको लागि अध्ययन, क्षेत्र पहिचान तथा आवश्यक सुझाव समेत पेश गर्नका लागि देहाय बमोजिमको समिति गठन गर्ने र चालु आर्थिक वर्ष भित्र सम्वन्धि क्षेत्रहरुको पहिचान भै आए पश्चात EIA र IEE को अध्ययन कार्य प्रारम्भ गर्ने निर्णय गरियो ।

**समिति**

संयोजक : श्री विदुर हुमागाई
सदस्य : श्री बखान सिं पाखिन
सदस्य : श्री सुर्य वहादुर रुम्बा
सदस्य : श्री टिका प्रसाद दाहा
सदस्य : श्री जित वहादुर घिमिर
सदस्य : श्री दिपक गौतम
सदसस्य सचिव : श्री भिम वहादुर परियार

**निर्णय नं ६**

मकवानपुरगढी गाउँपालिका सविक वृहत गढि खानेपानी समितिमा यस गाउँपालिकाको तर्फबाट कार्यपालिका सदस्य श्री सुन्रेन्द्र सुनारलाई सदस्यको लागि सफारिस गर्ने निर्णय गरियो ।

प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत

मकवानपुरगढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मकवानपुर, ३ नं. प्रदेश, नेपाल

Scanned with CamScanner

प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं ७**

प्रस्ताव नं ७ माथि छलफल गर्दा, यस गाउँपालिकामा आवश्यक सूचना अधिकृत र आवश्यक स्वस्थ्य तर्फका प्राविधिक जनशक्तिको पदपुर्ति गर्न बनेको पदपुर्ति समितिबाट सिफारिस भै करार नियुक्ति भएका कर्मचारीको करार नियुक्तिलाई स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं ८**

विगत वर्षहरुमा सविक गाविसको लागि स्थानीय शासन तथा सामुदायिक कार्यक्रम मार्फत सामुदयिक विकास कार्यक्रम संचालन भएकोमा हाल पौष १७ गते देखि सामाजिक परिचालन कार्यक्रमको अवधि सकिएको हुँदा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको च.नं २५ तथा मिति २०७४।९।१४को वुँदा नं ४ मा उल्लेखित वुँदा तथा सुझावलाई समेत आधार मानि सामाजिक परिचालन कार्यक्रम तथा गाउँपालिकाले प्रदान गर्ने अत्यवश्यक सेवाहरु,योजना कार्यान्वियन,वडा कार्यालय संचालन,उपभोक्ता समिति गठन तथा परिचालन,सामाजिक परिक्षण तथा सार्वजनिक सुनुवाई,टोल विकास समिति गठन लगायत कार्यहरुमा सहयोग पुर्‍याउनको लाागि चालु आर्थिक वर्ष २०७५ असार मसान्त सम्मको लागि सामाजिक परिचालन कार्यक्रमलाई निरन्तरता दिने, साथै सामाजिक परिचालन कार्यक्रममा कार्यरत सामाजिक परिचालकलाई सोहि पदमा साविकमा खाईपाई आएको तलव भत्तामा नघटने गरि गत पौष १८ गते बाट लागू हुने गरि करार नियुक्ति गर्ने र साविकको गाविसको कार्यक्षेत्रमा कार्यरत सामाजिक परिचालकहरुलाई हालको गाउँपालिकाको वडालाई आधारमानी कम्तिमा एक जना सामाजिक परिचालकलाई २ वटा वडा पर्ने गरि जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं ९**

प्रस्ताव नं ९ माथि छलफल गर्दा यस गाउँपालिकाको विकासका गतिविधि तथा सामाजिक परिचालन कार्यक्रमलाई दिगो, सहज र पारदर्शी र संमुदायको समेत सहभागीताको लागि चालु आर्थिक वर्ष देखिनै टोल विकास समितिहरु गठन गर्न आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं १०**

प्रस्ताव नं १० माथि छलफल गर्दा वडा नं ५ र ८ को वडा कार्यालय भवन निर्माणको लागि जिल्ला प्राविधिक कार्यालयमार्फत ठेक्का पट्टा भै निर्माण कार्य भएकोमा हाल सो भवनहरुको निर्माण अवधि समेत सकिएको वुझिन आएको तर निर्माण कार्यमा सम्वन्धित ठेकेदार कम्पनीको कुनै पनि चासो नभएको देखिएकोले सो भवनहरु निर्माणको सन्दर्भमा जिल्ला प्राविधिक कार्यालयमा समन्वय गर्ने र सो भवनलाई निर्माण सम्पन्न गराई वडाकार्यालय संचालनको लागि पहल गर्ने निर्णय गरियो ।

**निर्णय नं ११**

प्रस्ताव नं ११ माथि छलफल गर्दा साविक गाउँविकास समितिहरुमा रहेको चल अचल सम्पत्ति र वेरुजुको अवस्था हाल सम्म पनि यस गाउँपालिकालाई हस्तान्तरण नभएको हुँदा, सम्वन्धित साविक गाविसहरुलाई आलेप तथा मेलप गर्न पत्राचार गर्ने तथा सम्पत्ति तथा वेरुजुको अवस्था समेत बुझि सम्पत्तिको विवरण १५ दिन भित्र गाउँपालिकामा पेश गर्ने र वेरुजु असुल उपरको लागि गाउँपालिकाले पहल गर्ने निर्णय गरियो ।

प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं १२**

प्रस्ताव नं १२ माथि छलफल गर्दा यस गाउँपालिका क्षेत्र भित्र शिवम सिमेन्ट उद्योग प्रा.लि.को ले संचालन गरेको खानीहरुको उत्खनन तथा व्यवस्थापन संग सम्वन्धित आधिकारिक तथा प्रमाणित आवश्यक कागजातहरु अविलम्ब माग गर्ने तथा गत आर्थिक वर्ष तथा चालु आर्थिक वर्षमा गाउँपालिका क्षेत्र भित्र विभिन्न संघ संस्था तथा निकायहरुमा उद्योगले संचालन गर्ने तथा गरको कार्यक्रम,योजना तथा सहयोगहरुको बजेट सहितको विवरणहरु अविलम्ब माग गर्ने निर्णय गरियो ।

**निर्णय नं १३**

प्रस्ताव नं १३ माथि छलफल गर्दा शिवम सिमेन्ट उद्योग प्रालि संग मकवानपुरगढी गाउँपालिकाले खानी प्रभाववित क्षेत्रहरुको वस्ती संरक्षण तथा गाउँपालिकाको वृहत्तर हितका निमित्त पेश गरेको १३ वुँदे माग पत्र तथा सहकार्यमा संचालन गर्न सकिने योजना तथा आयोजनाहरु अविलम्ब कायान्वयनका पहल गर्न सो माग पत्र तथा योजनाहरुको कार्यान्वयन योजना सहित तयार गरि पेश गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

मकवानपुरगढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मनहरी, मकवानपुर बाग्मती प्रदेश, नेपाल

Scanned with CamScanner